मिति :२०७४ साल श्रावण १३ गते

समय: दिनको १.०० वजे

स्थान: धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक: धनकुटा नगरकार्यपालिकाको वैठक

अध्यक्षता :प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति

१.उपप्रमुख श्री सकुन्तला वस्नेत
२.वडा अध्यक्ष श्री निरेन तामाङ्ग
३. वडा अध्यक्ष श्री चन्द्रलाल तामाङ्ग
४. वडा अध्यक्ष श्री बिकाश घिमिरे
५. वडा अध्यक्ष श्री जम्सेर राई
६. वडा अध्यक्ष श्री धनकुमार राई(आठपहरीया)
७. वडा अध्यक्ष श्री नरेश श्रेष्ठ
८. वडा अध्यक्ष श्री जंग वहादुर राई
१९ वडा अध्यक्ष श्री सुमन राई
१०.वडा अध्यक्ष श्री मनोज राया
११. वडा अध्यक्ष श्री कमल वहादुर कार्की
१२. कार्यपालिका सदस्य श्री जाहानश्वरी राई
१३. कार्यपालिका सदस्य श्री कल्पना राई
१४. कार्यपालिका सदस्य श्री रमा वराल
१५. कार्यपालिका सदस्य श्री  सुलोचना वसेल
१६. कार्यपालिका सदस्य श्री कल्पना थापा
१७. कार्यपालिका सदस्य श्री मदन वसेल
१८. कार्यपालिका सदस्य श्री सुर्य वहादुर राई(आठपहरीया)
१९. कार्यपालिका सदस्य श्री समिता राई
२०.सचिव श्री तिर्थप्रसाद धिताल

**प्रस्तावहरु :**

१. नगर सभा संचालन कार्यविधि स्वीकृती सम्वन्धमा
२. विभिन्न समितिहरुमा सदस्य मनोनयन सम्वन्धी
३.वजेट सिलिङ्ग निर्धारण र मार्गदर्शन तयारी सम्वन्धमा
४. योजना तर्जुमा कार्य तालिका निर्धारण सम्वन्धमा
५. विविध

निर्णय नं. १.

धनकुटा नगरपालिका कार्य सम्पादन नियमावली,  २०७४ को नियम १५ वमोजिम तपशिल वमोजिमका समितिहरुमा निम्नानुसार सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

**क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

(क.१) सदस्य : विकास घिमिरे

(क.२) सदस्य :  कल्पना राई

**ख.आर्थीक विकास समिति**

(ख.१) सदस्य: रमा वराल

(ख.२) सदस्य: सुमन राई

**(ग) सामाजिक विकास समिति**

(ग.१) सदस्य: सुर्य वहादुर राई

(ग.२) सदस्य: सर्मिता राई

**(घ.) पुर्वाधार विकास समिति**

(घ.१) सदस्य: नरेश श्रेष्ठ

(घ.२) सदस्य: कल्पना थापा

**(ङ.) वातावरण तथा विपद व्यवस्थापन समिति**

(ङ.१) सदस्य:  जहानश्वरी राई

(ङ.२) सदस्य: सुलोचना वसेल

**(च.) विधेयक समिति**

(च.१) सदस्य: मदन वसेल

(च.२) सदस्य: मनोज राय

निर्णय नं.२.

चालु आ.व.०७४/०७५ को नगर विकास योजना निमार्ण गर्ने सन्दर्भमा वजेट तर्जुमा तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको निम्नानुसारको वजेट सिमा, अनुमानित आयलाई  अनुमोदन गर्ने तथा यस नगरपालिकाको सवै वडाहरुलाई निम्नानुसारको वजेट सिमा निर्धारण गरी वजेट, कार्यक्रमको तर्जूमाका लागि मार्गदर्शन स्वीकृत गरि सम्वन्धीत वडाहरुमा मिति २०७४।०४।१५ गते पठाउने निर्णय गरियो ।

(क) आ.व.२०७४।०७५ को अनुमानित आय विवरण

| शीर्षक | | आ.व.०७४।०७५ को अनुमानित वजेट रु हजारमा |
|---|---|---|
| १.आयतर्फ | | |
| १.१ | संचित कोषवाट प्राप्त रकम | २८,००० |
| १.२ | आन्तरिक आय | २२,६०० |
| १.३ | राजश्व बाँडफाँडवाट प्राप्त रकम | ६,००० |
| १.४ | नेपाल सरकारवाट प्राप्त | १,९६,००० |
| १.५ | सडक वोर्ड नेपाल | ७,००० |
| १.६ | सामाजिक सुरक्षा कार्यक्रम | ५०,००० |
| १.७ | सामाजिक परिचालन कार्यक्रम(LGCDP) | २५,०० |
| १.८ | ससस्त्र अनुदान (स्वास्थ्य, शिक्षा र आयुर्वेद) | १,४८,९०० |
| | **कुल जम्मा** | ४,६१,००० |

| (ख) आ.व.०७४।०७५ को आन्तरिक आयको संक्षिप्त विवरण | | |
|---|---|---|
| १. | एकिकृत सम्पति कर | ५५,००००० |
| २. | घर भाडा | ५१,३२,००० |
| ३. | सवारी पार्कीङ | १०,००००० |
| ४ . | हिले र धनकुटा हटिया | १०,००००० |
| ५. | नक्सा पास | १४,००००० |
| ६ | व्यवसाय कर | १८,००००० |
| ७. | अन्य विविध | ६७,६८००० |
| | **जम्मा** | २,२६,००००० |

| (ग) आ.व.०७४।०७५ को व्ययको संक्षीप्त अनुमान | | ४६१,०००। |
|---|---|---|
| १. | चालु खर्च | ९४८८४ |
| १.१ | सामाजिक सुरक्षा कार्यक्रम | ५०,००० |
| १.२ | सामाजिक परिचालन कार्यक्रम(LGCDP) | २५,०० |
| १.३ | कार्यालय संचालन तथा अन्य चालु खर्च | ४२३८४ |
| २. | पुजिगत खर्च | ३६६११६ |
| २.१ | ससर्त अनुदान(स्वास्थ्य शिक्षा र आयुर्वेद) | १४८९०० |
| २.२ | सडक वोर्ड नेपाल | ७००० |
| ३. | संचित कोषवाट प्राप्त रकम | |
| ३.१ | एकीकृत सहरि विकास योजना निर्माण | २५०० |
| ३.२ | न.पा. कार्यालय भवन निर्माण | ४२०० |
| ३.३ | वस्ती विकास योजना र एम.टि.एम. पी. परिमार्जन | ७०० |
| ३.४ | शहरी स्वास्थ्य केन्द्र संचालन वडा नं.३ र ८ | १००० |
| ३.५ | वडा कार्यालय स्थापना तथा व्यवस्थापन | २८१६ |
| | **जम्मा** | १६७११६ |
| | वाँकी वाडफाड गर्न सकिने पुजिगत खर्च | १९९००० |
| | वडामा जान सक्ने वजेट | ५९००० |
| | नगर स्तरीय वजेट | १४०००० |

| घर नं.आ.व. ०७४।०७५ को चालु खर्चको सम्क्षीप्त विवरण | | ४२३८४००० |
|---|---|---|
| १. | कर्मचारी तलव भत्ता | ११५००००० |
| २. | बैठक भत्ता (वडा र न.पा.) | ३०००००० |
| ३. | कार्यालय संचालन (वडा र न.पा.) | २६००००० |
| ४. | सवारी ईन्धन | २०००००० |
| ५. | सरसफाई तथा अन्य सेवा सुल्क | ४८००००० |
| ६. | परिषद संचालन खर्च | १०००००० |
| ७. | दैनिक भ्रमण भत्ता | २५००००० |
| ८. | अन्य विविध खर्च | १४९८४००० |
| | जम्मा | ४२३८४००० |

| (ङ) आ.व.०७४।०७५ को पुजीगत वडा विवरण | |
|---|---|
| **वडा वजेट सिलिगं** | **५९००००००** |
| वडा नंम्वर १. | ७०००००० |
| वडा नंम्वर २. | ६०००००० |
| वडा नंम्वर ३. | ५५००००० |
| वडा नंम्वर ४. | ५५००००० |
| वडा नंम्वर ५. | ५५००००० |
| वडा नंम्वर ६. | ६०००००० |
| वडा नंम्वर ७. | ६०००००० |
| वडा नंम्वर ८. | ६०००००० |
| वडा नंम्वर ९. | ६०००००० |
| वडा नंम्वर १०. | ५५००००० |
| **कुल जम्मा** | **५९००००००** |

निर्णय नं. ३

चालु खर्च तर्फको प्रति वडा विविधमा मासिक रु दश हजार मात्र आर्थिक सहयतामा प्रति वडा एकमुस्ट वार्षीक रु चालिस हजार र सवारी साधनको ईन्धन वापत प्रति वडा वार्षिक रु साठी हजार वजेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.४

वडा स्तरीय योजना तथा वजेट स्वीकृतिका लागि निम्नानुसारको मार्गदर्शन पठाउने निर्णय गरियो ।

४.१ वडा वजेट सिलिंग अन्तर्गत रहि कम्तीमा १०,००,०००। देखी वढिमा रु १५,००,०००। सम्मको वजेट लक्षीत क्षेत्रमा छुट्याउनु पर्नेछ ।

४.२ लक्षीत् कार्यक्रम अर्न्तगत (महिला, आदिवासी, जनजाती, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालवालिका) कम्तीमा ५० हजार भन्दा घटिको वजेट विनियोजन गर्न पाईने छैन् ।

४.३ भौतिक पूर्वाधारतर्फ वजेट विनियोजन गर्दा रु १५,००,०००।- को कम्तीमा १ वटा योजना र रु ५,००,०००।- को अर्को एक वटा योजनामा वजेट विनियोजन गर्नु पर्नेछ ।

४.४ भौतिक पूर्वाधार तर्फ अन्य योजनाहरु कम्तीमा रु एक लाख भन्दा वढिको हुनु पर्नेछ ।

४.५ आयोजना / कार्यक्रम प्राथमिकिकरणका आधारहरु :

- आर्थीक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पु–याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा वढिमा ३ वर्ष भित्र सम्पन्न हुने),

- राजश्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, सस्थागत विकास र सुसासनमा योगदान पु–याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितको अभिवृद्धी गर्ने,
- लौङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थान शिल (Resilience) वनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आस्यक देखेको अन्य विषयहरु ।

निर्णय नं. ५

आ.व.०७४।०७५को वजेट निति तथा कार्यक्रम तर्जुमाका लागि नियमानुसारको योजना तर्जुमा कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**योजना तर्जुमा कार्य तालिका, २०७४**

| सि.नं. | कृयाकलाप ⁄ गतिविधि | मिति | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | वडागत वजेट निर्धारण र मार्गदर्शन स्वीकृति | ०४।१३।२०७४ | नगर कार्यपालिका | |
| २. | स्वीकृती वडा गत वजेट र मार्गदर्सन सम्वन्धीत वडालाई उपलव्धगराउने | ०४।१५।२०७४ | योजना तर्जुमा समिति | |
| ३. | वडा स्तरिय योजना छनौट र स्वीकृती | ०४।१९।२०७४ | वडा समिति ⁄वडा कार्यालय | |
| ४. | वडास्तरिय स्वीकृति वजेट र कार्यक्रम न.पा.मा पेश गर्ने | ०४।२०।२०७४ | वडा समिति | |
| ५. | नगर स्तरिय योजना छनोट, तयारी | ०४।२३।२०७४ | योजना तर्जुमा समिति | |
| ६. | नगर विकास योजनाको छलफल तथा अन्तिम तयारी | ०४।२५।२०७४ | नगर कार्यपालिका | |
| ७. | नगर सभा | ०४।३१।२०७४ | नगर कार्यपालिका | |

निर्णय नं.६

धनकुटा न.पा.को आ.व. ०७३।७४ मा निर्माण गरिने योजनाहरु अन्तर्गत धनकुटा नगरपालिकाको कार्यालय भवन निर्माण कार्य निर्माण व्यवसायी श्री निसान कन्स्ट्रक्सन (प्रो.बुद्धिमान बुढाथोकी) ले २०७४ साल जेष्ठ मसान्त भित्र सम्पन्न गरी सक्ने भनि नगरपालिका संग मिति २०७३।०९।०३ मा सम्झौता भई कार्य भईरहेकोमा तोकीएको समय भित्र कार्य सम्पन्न नगरिएको हुनाले कार्यालयवाट पटक पटक म्याद थप २०७४ असार ३० गते सम्मको म्याद दिदा समेत कार्य सम्पन्न गर्न नसकेको हुनाले उक्त कार्य सम्पन्न गर्न नियम अनुसार जरिवाना सहित आगामी २०७४ साल भाद्र मसान्त सम्मको लागि म्याद थप गरि कार्य गराउने निर्णय गरियो ।

निर्णय नं.७

धनकुटा नगर कार्यपालिकाको कार्यालयवाट प्रस्ताव तयार गरि पेश भएको नगरसभा संचालन कार्यविधि, २०७४ उपर वृहत छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।